जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १०४ २०८० साल मंसिर ६ गते बुधबार (22 Nov. 2023 Wednesday) मूल्य रु. ५/-

***Log in : rajbirajdainik.com.np***

**चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।**
**चाडपर्वमा फजुल खर्च नगरौं**

**हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।**
**मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।**

*यस अंक भित्र :* २ पृष्ठमा : अध्यक्षसहित राष्ट्रियसभाका... ३ पृष्ठमा : यसपटक नेपाल याचना होइन, सशक्त.. ३ पृष्ठमा : गाजा युद्धविराम सम्झौता...

## राजनैतिक व्यक्तिका कारण खेलाडीहरु पलायन हुने अवस्था आएको हो : मन्त्रि यादव




**दैनिक समाचारदाता**
**राजविराज, ५ मंसिर ।**

जिल्ला खेलकुद विकास समिति सप्तरीले दुई जना राष्ट्रिय खेलाडीलाई मंगलबार सम्मान गरेको छ ।

आयोजित सम्मान कार्यक्रममा मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्रि महेश प्रसाद यादवले क्रिकेटका राष्ट्रिय खेलाडी विवेक यादव र भारोत्तोलनका राष्ट्रिय खेलाडी संजय यादवलाई कदरपत्र र नगदसहित सम्मान गरे ।

विवेकले टि-ट्वान्टी विश्व कप क्रिकेट छनौट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन तथा संजय यादवले एशियन खेलकुदमा चौथो स्थान प्राप्त गरि सप्तरीको नाम उच्च गरेको भन्दै उक्त सम्मान गरिएको हो ।

सोही कार्यक्रममा मन्त्रि यादवले राजनैतिक व्यक्तिहरुका कारण जिल्लाका खेलाडीहरु पलायन हुने अवस्था आएको आरोप लगाए । भारोत्तोलनका सप्तरी जिल्ला अध्यक्ष समेत रहेका मन्त्रि यादवले जुनसुकै खेलका दक्ष खेलाडीलाई जिल्लाले सम्मान गर्नुपर्छ, उनले भने, "आर्थिक अभावका कारण अहिले दक्ष खेलाडीहरु जिल्लाबाट पलायन हुने क्रम जारि रहेकोले यसलाई रोक्न सरोकारवाला निकायको ध्यान पुग्नु जरुरी छ ।"

जिल्लाबाट विगतमा निकै दक्ष खेलाडीहरु उत्पादन भए तर, अधिकांश खेलाडीहरु आफ्नो जिल्ला प्रदेशबाट प्रतिनिधित्व नगरि अन्य टिमबाट खेलिरहेको भन्दै मन्त्रि यादवले यस्तो अवस्था आउनुमा राजनीति गरिरहेका व्यक्तिहरुकै दोष रहेको बताए । उनले भने, "राजनीति गरेर मात्र हुँदैन् जिल्ला खेलकुद क्षेत्रलाई समेत बलियो बनाउनु पर्नेमा ध्यान दिन सकेको भए आज ती दक्ष खेलाडीहरु आफ्नै प्रदेशबाट प्रतिनिधित्व गर्ने थिए ।"

जिल्लाका दक्ष खेलाडीहरुको व्यवस्थापन तथा संरक्षणका लागि मन्त्री यादवले सोही कार्यक्रममा रु एकलाख दिने प्रतिवद्धता जनाए । जिल्लाको खेलाडीहरुलाई संरक्षण तथा व्यवस्थापनका लागि सरोकारबाला निकायहरु संग समन्वयकारी भूमिका निर्वाह गर्न उनले निर्देशन दिए ।

मन्त्रि यादवले खेलकुद विकासका लागि राजविराजस्थित राज रंगशालाको पुननिर्माणमा प्रदेश सरकारबाट १ करोड तथा राष्ट्रिय योजना आयोगबाट १ करोड ५० लाख रकम चालु आ.ब.मा बिनियोजन भएको जानकारी दिए । यस्तै खेलकुद विकास समितिको कार्यालय स्तरोन्नतीका लागि प्रदेश सरकारबाट रकम बिनियोजित गरिएको समेत बताए ।

अहिले युवाहरु लागु पदार्थ दुर्व्यसनीमा लागेकोमा भन्दै मन्त्री यादवले यस्ता कुलतबाट हटाउन खेलकुद गतिविधी नै उत्तम भएकाले यसप्रति सबै गम्भिर हुनु पर्नेमा जोड दिए । उनले प्रदेश सरकार प्रदेशको ८ वटै जिल्लामा खेलकुद गतिविधीमा तिब्रता ल्याउन अग्रसर भएको जानकारी पनि दिए । प्रदेश सरकारले ८ वटै जिल्लामा प्रदेश स्तरिय एकेडेमी निर्माण गर्नका लागि योजना बनाएको बताए ।

यस्तै जिल्ला खेलकुद विकास समितिको मातहतमा रहेको राज रंगशालामा हालै सम्पन्न सप्तरी महोत्सवको क्रममा भएको क्षतिको जिम्मेवारी सम्बन्धित पक्षले लिनु पर्ने र खेलकुद विकास समितिले क्षतिपूर्तीका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन उनले निर्देशन दिए ।

कार्यक्रममा क्रिकेट संघ नेपालका केन्द्रिय सदस्य, सप्तरी अध्यक्ष एवं मधेश प्रदेश सचिव आयुष श्रेष्ठले वर्तमान अवस्थामा क्रिकेटका उदयमान खेलाडी विवेक यादव पनि विभागिय टोली नेपाल आर्मीमा अनुबन्धित भएको खुलासा गरेका छन् । उनले भने, "विवेकलाई प्रदेशबाट रिलिज गर्‍यो, उनी पोखरामा हुने केपी ओली कपमा मधेश प्रदेशबाट नभई विभागिय टोली नेपाल आर्मीबाट खेल्नेछन् ।"

आर्थिक कारणले खेलाडीलाई रिलिज गर्नु परेको उल्लेख गर्दै श्रेष्ठले प्रदेशबाट खेल्दा रकम नआउने तर विभागिय टोलीबाट खेल्दा केही आय आर्जन हुने भएकोले विवेकलाई रिलिज गर्न पुगेको बताए ।

यस्तै जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेलले खेलकुद गतिविधि न्युन हुनुमा प्रदेश सरकार समेत दोषि रहेको भन्दै यसका लागि मन्त्रि यादवलाई पहल गर्न आग्रह गरे । उनले खेलकुद विकास समिति मात्र यसको दोषि नभएर सबै दोषि भएको दाबी गरे । सप्तरी महोत्सवका लागि चौतर्फि दबाब आएपछि रंगशालामा महोत्सव गर्न स्वीकृती दिएको पनि दाबी गरे ।

सो अवसरमा खेलकुद विकास समितिका कर्मचारी, प्रशिक्षक, खेलाडी लगायत अन्य खेलप्रेमीहरुको सहभागिता रहेको थियो ।

## टिकटक प्रतिबन्धबारे अन्तरिम आदेश दिन अस्वीकार

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ मंसिर ।**

सर्वोच्च अदालतले टिकटक प्रतिबन्ध लगाउने सरकारको निर्णय कार्यान्वयनमा रोक लगाउन अस्वीकार गरेको छ ।

न्यायाधीश विनोद शर्माको इजलासले रिट निवेदकको माग अनुसार सरकारको निर्णय कार्यान्वयनमा रोक लगाउन अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

२७ कात्तिकमा मन्त्रिपरिषद बैठकले नेपालमा टिकटक प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । सरकारको उक्त निर्णयले अभिव्यक्ति स्वतन्त्रता हनन गरेको भन्दै सरोकारवाला र कानुन व्यवसायीले गरी सर्वोच्च अदालतमा १० भन्दा बढी रिट परेको थियो ।

उक्त रिटमाथि सर्वोच्च अदालतमा मंगलबार सुनुवाइ भएको थियो । सो क्रममा न्यायाधीश शर्माको इजलासले टिकटक प्रतिबन्धको निर्णय गर्नुको कारणबारे सरकारसँग लिखित जवाफ माग गरेको छ ।

यो मुद्दालाई मंसिर १९ गते पूर्ण सुनुवाइका लागि पेश गर्न पनि सर्वोच्चले आदेश दिएको छ ।

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**

## राजविराज कारागारका कैदीको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ मंसिर ।**

राजविराज कारागारका एक कैदीको मंगलबार मृत्यु भएको छ ।

कर्तव्य ज्यान मुद्दामा २०७९ कात्तिक १६ गतेदेखी कैद भुक्तान गरिरहेका राजविराज १५ का ६५ वर्षिय नन्दलाल मण्डलको मृत्यु भएको हो ।

मृत्यु भएका कैदी मण्डल विगतमा दमको रोगी रहेको कारागार प्रमुख सदानन्द दासले जानकारी दिएका छन् ।

बिहान खाना खाएर शौचालय गएका उनी निस्केपछि लडेपछि तत्काल उपचारका लागि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा ल्याइएकोमा उपचारको क्रममा मण्डलको मृत्यु भएको कारागार प्रमुख दासले बताए ।

**अल्जाईमर्सका बिरामीलाई सहयोग गरौं**

- अल्जाईमर्स प्रायः ज्येष्ठ नागरिकमा देखिने रोग हो।
- वंशज, धुमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ।
- यो रोगको प्रारम्भमा विस्तारै बिर्सिदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन।
- रोग बढ्दै जाँदा दिसापिसाबको चेतना हराउने र खाने तरिकासमेत बिर्सने लक्षण देखिन सक्छ।
- यस्ता बिरामीलाई सहयोग गरौं, एक्लै नछोडौं र चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बालअधिकारप्रति तीनै तहका सरकार गम्भिर हुनु आवश्यक

बाल अधिकारको पूर्ण प्रत्याभूति दिलाउन अझै तीनै तहका सरकार असक्षम भएका छन् । तीनै तहका सरकार अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान, कानुनले परिकल्पना गरेको बाल अधिकारका प्रावधानलाई प्रत्याभूति गर्न सकिरहेको छैन् । बालअधिकारका सम्बन्धमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको पालना गर्न/गराउन, बालअधिकारको हननमा संलग्नलाई कानुनबमोजिम कारबाही गर्न, बालबालिकाको आधारभूत अधिकारको सुनिश्चितता गरी बालअधिकारको रक्षा गर्न र बाल सुधारगृहको व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक छ ।

बालअधिकारको संरक्षण र वकालतमा परिणाममुखी ढङ्गले कार्य गर्नसमेत सम्पूर्ण नागरिक, अभिभावक, राजनीतिक दल, अधिकारकर्मी र सर्वसाधरण लाग्नुपर्छ । हाल मुलुकमा बालबालिकाको जन्मदर्ता र पहिचानमा भएको कठिनाइ, यातना, घरेलु श्रम, जोखिमपूर्ण श्रम, यौन हिंसाको सिकार, शिक्षा र स्वास्थ्यबाट वञ्चित, बेचबिखनको जोखिम, बाल न्यायको अवस्था अहिले पनि अन्यौलमै रहेको छ ।

तसर्थ कारागारमा अभिभावकसँग आश्रित रहेको बालबालिका पूर्ण मानवअधिकारको उपभोगबाट वञ्चित, बाल सुधारगृह मानव अधिकारमैत्री नहुनु, परिवार र समाजमा बालमैत्री वातावरणमैत्री अभावजस्ता मानवअधिकार उल्लङ्घनका जोखिमको अवस्था यथावत् रहेको र बालअधिकारको हनन् तथा बालयौन दुराचारमा संलग्नलाई कानुनबमोजिम कारबाही हुन नसकेकोमा तीनै तहका सरकार गम्भिर हुनु जरुरी छ ।

# अध्यक्षसहित राष्ट्रियसभाका एक तिहाइ बिदा हुँदै, निर्वाचन माघमा

**नारायण न्यौपाने**
काठमाडौँ, ५ मङ्सिर (रासस) ।

द्विसदनात्मक सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभाबाट अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित एक तिहाइ अर्थात् २० सांसद आगामी फागुन २१ गते बाहिरिँदै हुनुहुन्छ । समाजका विभिन्न क्षेत्रमा ख्याति कमाएका प्रबुद्ध समूहको प्रतिनिधित्व रहने ५९ सदस्यीय राष्ट्रियसभामा पहिलोपटक गोलाप्रथाद्वारा छवर्षे कार्यकाल निर्धारण भएको समूह बिदा हुँदै छ ।

परिपक्व व्यक्तिको प्रतिनिधित्व हुने 'इल्डर्स हाउस'ले प्रतिनिधिसभाले गर्ने निर्णयमा गहन छलफल गरी रायसुझाव र परामर्श दिई विधेयकलाई समृद्ध तुल्याउन महत्वपूर्ण भूमिका खेल्छ । प्रतिनिधिसभाको छायाका रूपमा रहेको आरोप खेपिरहेको राष्ट्रियसभाले बेलाबखत केही महत्वपूर्ण विधेयकमा भने पुनर्विचार गरियोस् भन्ने सन्देश भने पठाउने गरेको छ । राष्ट्रियसभाले आर्थिक विधेयक १५ दिन र अन्य विधेयक ६० दिनभित्र पारित गर्नुपर्ने प्रावधान छ । त्यसो नभएमा स्वतः प्रतिनिधिसभाले आफ्नो प्रक्रिया अगाडि बढाउने छ । कुनै पनि विषय वा विधेयक दुवै सदनमा पेस र छलफल गर्न सक्ने व्यवस्थाले राष्ट्रियसभाको महत्वलाई पुष्टि गर्छ ।

यसै वर्ष फागुन २० गतेसम्म कार्यकाल रहने राष्ट्रियसभाका सांसदहरूमा नेपाली कांग्रेसबाट अनिता देवकोटा, जितेन्द्रनारायण देव, प्रकाश पन्थ र रमेशजङ्ग रायमाझी, नेकपा (एमाले) बाट इन्दु कडरिया, दीपा गुरुङ, दिलकुमारी रावल, कुमार दसौंदी, नरपति लुवार, भैरवसुन्दर श्रेष्ठ र रामचन्द्र राई, (नेकपा माओवादी केन्द्र)बाट विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी, जनता समाजवादी पार्टी (जसपा) बाट प्रमिला कुमारी, नेकपा (एकीकृत समाजवादी) बाट नन्दा चपाइँ र सिङ्गबहादुर विश्वकर्मा, स्वतन्त्र डा खिमलाल देवकोटा तथा र मनोनित डा विमला पौड्याल हुनुहुन्छ । तीमध्ये दसौंदी र डा देवकोटा भने रामबहादुर थापा र खिमलाल भट्टराईले राजीनामा दिएपछि गत माघ २५ गते बाँकी अवधिका लागि उपनिर्वाचनबाट निर्वाचित भई आउनुभएको थियो ।

विसं २०७४ मा राष्ट्रियसभा गठनपछि पहिलोपटक दुई, चार र छवर्षे कार्यकालका लागि गोला प्रथाका माध्यमबाट निर्धारण भएका सबै सांसदको कार्यकाल सकिँदै छ । कार्यकाल समाप्त हुन लागेकामा एमालेका आठ, कांग्रेसका चार, माओवादी केन्द्रका तीन, एकीकृत समाजवादीका दुई तथा जसपा, स्वतन्त्र र मनोनीत एक-एकजना हुनुहुन्छ । उहाँहरूमध्ये रावल राष्ट्रिय सरोकार तथा समन्वय समिति तथा पन्थ दिगो विकास तथा सुशासन समितिका सभापति तथा प्रमिला शिक्षा तथा विज्ञान प्रविधि राज्यमन्त्री हुनुहुन्छ । निर्वाचन आयोगले उहाँहरूको कार्यकाल सकिएपछि रिक्त हुने स्थानमा आगामी माघको दोस्रो साता निर्वाचनको तयारी गरेको छ । यद्यपि मिति घोषणा हुन बाँकी छ ।

आगामी निर्वाचनबाट महिला सात, दलित दुई, अपाङ्गता भएका वा अल्पसङ्ख्यक समूहका तीन र अन्य समूहबाट सात सदस्य निर्वाचित हुने तथा एकजना मनोनयन गरिने छन् । उक्त निर्वाचनमा प्रदेशसभा सदस्य, स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुख मतदाता हुने संवैधानिक व्यवस्था छ । सामान्यतया राष्ट्रियसभा सदस्यको तोकिएको कार्यकाल समाप्त भएको एक महिनाअघि नै निर्वाचन गरिने अभ्यास छ । प्रत्येक प्रदेशबाट विभिन्न जातजाति र समुदायका गरी आठजनाको प्रतिनिधित्व हुने भएकाले सदस्य चयन प्रक्रिया प्रजातान्त्रिक र समावेशी छ ।

हरेक दुई-दुई वर्षमा 'स्थायी सदन'बाट एक तिहाइ सदस्यको पदावधि सकिन्छ । हाल प्रजातन्त्रको जननी मानिएको बेलायतमा 'हाउस अफ लर्डस' र भारतमा 'राज्यसभा' जस्तै स्थान रहेको नेपालको राष्ट्रियसभाका हालका अध्यक्षमा तिमिल्सिना र उपाध्यक्षमा उर्मिला अर्यालसहित एमाले, कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा र लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट निर्वाचित तथा राष्ट्रपतिबाट मनोनीत तीन सदस्य हुनुहुन्छ ।

प्रजातन्त्र पुनःस्थापनापछि व्यवस्था भएको द्विसदनात्मक संसद्को अभ्यास हुने 'स्थायी सदन' मा प्रौढ, बुद्धिजीवी, विशेष र विभिन्न समुदायका प्रतिनिधि, निर्वाचनमा भाग लिन नचाहने र नसक्ने तथा संसद्का लागि अत्यावश्यक ठानिएका व्यक्तित्व रहन्छन् । राष्ट्रियसभा सदस्यका सम्मानमा सभामा रातो गलैँचा ओछ्याउने चलन छ ।

कानुन तर्जुमा, बजेट र अरू विकास निर्माणमा कहिलेकाहीँ नीलो गलैँचा ओछ्याइने प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा केन्द्रित हुन सक्ने भएकाले त्यस्तो अवस्थामा सुझाव दिने, छलफल र सुधार गर्ने तथा कानुन बनाउने काम रातो गलैँचा बिछ्याइने राष्ट्रियसभामा हुनुपर्छ भन्ने मान्यता राखिन्छ । राष्ट्रियसभा मातहत रहेका चार समितिमध्ये दुई कानुन निर्माण र अरू दुई समिति सङ्घीयताको प्रतिनिधित्व गर्दै विकास निर्माणसँग सम्बन्धित छन् ।

**विज्ञलाई ल्याउन सुझाव**

राष्ट्रियसभाका पूर्वसदस्य रामनारायण बिंडारी भन्नुहुन्छ, "राष्ट्रियसभाको अहिलेको अभ्यास त्यति कामयाबी छैन, प्रतिनिधिसभाको छायाका रूपमा देखिन्छ । सरकार बनाउने र ढाल्ने, महाअभियोग लगाउने, बजेट बनाउने र संशोधनको काम यसले गर्दैन, सुझाव मात्रै दिन्छ । यस सभालाई उद्देश्यअनुरूप सक्रिय र थप स्वतन्त्र बनाउन ध्यान दिनुपर्छ ।" राष्ट्रियसभामा प्रतिनिधित्वका लागि 'कोटा' र समूह निर्धारण गरिएको उद्देश्यअनुसार अब्बल, सक्षम र विषयविज्ञ चयन गर्न उहाँले सुझाव दिनुभयो ।

पूर्वसदस्य बिंडारीले भन्नुभयो, "जो निर्वाचनमा भाग लिन चाहँदैन, विज्ञ छ, मुलुकलाई आवश्यक छ, त्यस्तालाई समेट्नुपर्ने विषय सम्बोधन हुनुपर्छ, उपयुक्त नीति र विधि बनाउनसक्ने व्यक्तिको छनोट हुनुपर्छ ।" राजनीतिक दलहरूले आ-आफ्नातर्फबाट माथिल्लो सभामा सक्षम व्यक्ति ल्याउन एकापसमा क्षेत्र मिलाउन सक्नुपर्ने सुझाव दिँदै वरिष्ठ अधिवक्ता बिंडारीले यस सभामा कानुन र सङ्घीयताका विषयमा काम गर्न सक्ने व्यक्ति चयनमा ध्यान दिनुपर्ने धारणा राख्नुभयो ।

**निर्धारित समयमा बैठक सञ्चालन**

सरकार बनाउने र ढाल्ने नभई बरु सरकारभन्दा अलग रहेर मात्र काम गर्ने राष्ट्रियसभा अन्तर्गत विधायन व्यवस्थापन एवं प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिलगायत दुई कानुन निर्माण र दुई विकास निर्माणसँग सम्बन्धित समिति छन् । राष्ट्रियसभा मातहतका ती चार विषयगत समितिले आ-आफ्ना वार्षिक प्रतिवेदन सभामा पेस गर्छन् । पछिल्लो समय निर्धारित समयमै बैठक सञ्चालन गर्ने राष्ट्रियसभाको अभ्यासको सबैबाट सराहना हुँदै आएको छ ।

कुनै कारणले प्रतिनिधिसभा नभएका बेला बौद्धिक अभ्यासको थलो राष्ट्रियसभाले जनताका आवाज सम्बोधनका लागि

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

लक्षण
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

बच्ने उपाय
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

रुपनी गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी

# यसपटक नेपाल याचना होइन, सशक्त दाबीका साथ प्रस्तुत हुनेछ : प्रधानमन्त्री

काठमाडौँ, ५ मङ्सिर (रासस)।
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विश्वव्यापी तापक्रम वृद्धिलाई रोक्न नसके नेपाल लगायत विकासोन्मुख देशमा जलवायु-उत्थानशील विकासको सम्भावनामा गम्भीर असर पर्ने बताउनुभएको छ। राष्ट्रिय जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय सम्मेलनलाई मंगलबार यहाँ सम्बोधन गर्नुहुँदै प्रधानमन्त्रीले बढ्दो जलवायुजन्य प्रकोप, खाद्य सुरक्षा र पानीको उपलब्धतामा कमि आउने बताउनुभयो।

अर्को हप्तादेखि सुरु हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको २८औँ सम्मेलन (कोप २८) मा प्रधानमन्त्री प्रचण्डको नेतृत्वको नेपाली प्रतिनिधिमण्डलले भाग लिँदैछ।

शिखर सम्मेलनमा विश्व तापमान वृद्धिलाई सीमित गर्न विश्वका धनी र विकसित राष्ट्रलाई आफ्नो प्रतिबद्धताको जिम्मेवारी पालनाका लागि नेपालले सशक्त पैरवी गर्ने उहाँको भनाइ छ। अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्त प्रवाह अनुदानस्वरूप प्रदान गर्ने सहमतिको शीघ्र र पूर्ण कार्यान्वयनमा नेपालले गम्भीरतापूर्वक आफ्नो दाबी प्रस्तुत गर्ने प्रधानमन्त्रीले बताउनुभयो।

यही नोभेम्बेर ३० देखि डिसेम्बर १२ सम्म संयुक्त अरब इमिरेट्सको दुबईमा हुन गइरहेको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको २८औँ सम्मेलन (कोप २८) को पूर्वसन्ध्यामा उक्त सम्मेलनमा नेपालको तयारीबारे जानकारी र प्रस्तुत गर्ने स्थितिपत्रको विषयमा साझा धारणा बनाउन राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो।

सो सम्मेलन वन तथा वातावरण मन्त्रालयले आयोजना गरेको हो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपाल जलवायु परिवर्तनको कारण उच्च जोखिममा छ। परिवर्तित जलवायुले मनसुन वर्षाको प्रकृति, मात्रा तथा समय तालिकामा व्यापक परिवर्तन, तापक्रम वृद्धि तथा वर्षामा आएको फेरबदल, प्रकोप र विपद्का वृद्धि र अतिशय घटनाका कारण हामीले बहुपक्षीय चुनौतीको सामना गर्नु परिरहेको छ।"

जलवायु परिवर्तनको असर विशेष गरी हिमाली क्षेत्रमा हिमताल पग्लने र विष्फोट हुने, पहाडी क्षेत्रमा पहिरो र सुख्खा खडेरी तथा तराई-मधेसमा बाढीपहिरोको रूपमा देखिन थालेको छ जानकारी दिँदै प्रधानमन्त्री दाहालले उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिमभण्डार पग्लिने अध्ययनले देखाएको बताउनुभयो।

हिमाल, पहाड, र तराई-मधेसमा बसोबास गर्ने गरिब, साना किसान, सीमान्तकृत आदिवासी, जनजाति, महिला, बालबालिका, अशक्त, तथा ज्येष्ठ नागरिक जलवायु परिवर्तनको असरबाट बढी प्रभावित भएको प्रधानमन्त्रीको भनाइ छ। जलवायु परिवर्तनले अर्थतन्त्रमा विषेश योगदान गर्ने विषयगत क्षेत्र जस्तै, कृषि, जलस्रोत, पर्यटनलगायतका क्षेत्रका साथै खाद्य सुरक्षा, स्वास्थ्य, जलआपुर्ति, जीविकोपार्जन र सुरक्षामा व्यापक असर पारेको प्रधानमन्त्रीले उल्लेख गर्नुभयो। आर्थिक एवं सामाजिक क्षेत्रमा हुने गिरावट, बढ्दो स्वास्थ्य र खाद्य सुरक्षाको समस्याका कारण भविष्यमा जलवायु सङ्कट र जोखिम अझ बढ्ने निश्चित जस्तै रहेको उहाँले बताउनुभयो। नेपाल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको पक्षराष्ट्र भएकाले पक्षधर राष्ट्रको वार्ता प्रक्रियामा भाग लिँदै आएको छ। विभिन्न मञ्चमार्फत जलवायु परिवर्तनका चुनौती र अवसरबारे विश्व समुदायसँग निरन्तर संवाद भइरहेको प्रधानमन्त्रीले जानकारी दिनुभयो। यो संवादलाई अझै सघन र परिणाममुखी बनाउने चुनौती र महत्वपूर्ण अवसरका रूपमा कोप-२८ आउँदै गरेको उहाँले उल्लेख गर्नुभयो।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको प्रावधान अनुरुप नेपालले जलवायु उत्थानशीलता अभिवृद्धि गर्न उपयुक्त नीतिगत, कानुनी तथा संस्थागत संरचना एवं वित्तीय व्यवस्था र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरेको प्रधामनन्त्रीको कथन छ। 'राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६', 'वातावरण संरक्षण ऐन २०७६ तथा नियमावली २०७७', 'स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका २०७६', 'जलवायु उत्थानशील योजना तथा बजेट तर्जुमा निर्देशिका २०७७' र 'जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना २०७७/२०८७ तर्जुमा गरी लागू गरिएको प्रधानमन्त्रीले बताउनुभयो।

"आज अनावरण गरिएको राष्ट्रिय अनुकूलन योजना २०२१-२०५० र पेरिस सम्झौता बमोजिम राष्ट्रिय रूपमा निर्धारित योगदानले हामीलाई झन सबल बनाउने छ", प्रधानमन्त्रीले भन्नुभयो, "जलवायु परिवर्तनका असर र प्रभावसँग जुँध्न हामीले तयार गरेका जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणसम्बन्धी राष्ट्रिय नीति, योजना र कार्यक्रमको कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहको नेतृत्व र विकास साझेदार र सरोकारवाला निकायको सहयोग र सहकार्य आवश्यक हुन्छ।" हाम्रा आवश्यकता र प्राथमिकता समेटेर तयार गरिएका राष्ट्रिय अनुकूलन योजना र राष्ट्रिय निर्धारित योगदान कार्यान्वयन योजनामा भएका कार्यक्रममा सहयोग केन्द्रित गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घसंस्थालाईसमेत प्रधानमन्त्रीले आह्वान गर्नुभयो।

यसै वर्ष सम्पन्न भएको संयुक्त राष्ट्रसङ्घको ७८औँ महासभामा नेपाल र अतिकम विकसित मुलुकका तर्फबाट र न्यूयोर्कमा भएको जलवायु महत्वकांक्षी शिखर सम्मेलनमा आफूले गरेको सम्बोधनले नेपालले गरेका उल्लेखनीय कामको प्रस्तुति र नेपालमा जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न जलवायु वित्तलाई जलवायु न्यायको रूपमा उपलब्ध गराउन विश्व समुदायको ध्यान आकृष्ट गर्दै सशक्त दाबी प्रस्तुत गरेको प्रधानमन्त्रीको भनाइ छ।

आफ्नो निमन्त्रणामा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टियो गुटेरसले भर्खरै गर्नुभएको नेपाल भ्रमणले जलवायु परिवर्तनको कारणले नेपालले भोगिरहेका समस्या तथा जीविकोपार्जनमा परेको प्रभावलाई विश्वसामु प्रस्तुत गरी जलवायु वित्तमा पहुँच बढाउन र जलवायु न्यायका लागि सरोकारवालालाई जवाफदेही बनाउन अन्तर्राष्ट्रिय समुदायको ध्यान आकृष्ट गरेको प्रधानमन्त्रीले उल्लेख गर्नुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, "कोप-२८ को तयारीका लागि गरिएका पूर्वतयारी बैठकमासमेत यसपटक मैले स्पष्ट रूपमा भनेको छु, यसपटक नेपाल याचना होइन, सशक्त दाबीका साथ प्रस्तुत हुनेछ। तसर्थ, सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रस्तुत हुने कागजपत्र र प्रस्तुति सोही बमोजिम तयार पार्नुहुनेछ। मैले बुझेसम्म कागजात त्यसरी नै तयार हुँदैछन।"

नेपालले जलवायु वित्तको पहुँचमा भोगिरहेको समस्याको प्रक्रियागत कठिनाइ, कोषको बाँडफाँटमा देखिएको असमानता र अन्य कठिनाइका बारेमा सम्बन्धित निकायसँग छलफल गर्ने प्रधानमन्त्रीले जानकारी दिनुभयो। अहिले जलवायु परिवर्तनमा भइरहेको लगानी बढी ऋण केन्द्रित भएको विषयप्रति गम्भीर हुँदै यसलाई बदल्दै अनुकूलन, उत्थानशीलता र हानी तथा नोक्सानी अवधारणा प्रवर्द्धनमा प्रदान गरिने वित्त अनुदान जलवायु न्यायका रूपमा पाउनुपर्ने सुनिश्चितताका लागि पैरवी र दाबी गर्ने प्रधानमन्त्रीले उल्लेख गर्नुभयो।

"अनुकूलन, उत्थानशीलता र हानी तथा नोक्सानी अवधारणा प्रवर्द्धनमा प्रदान गरिने वित्त अनुदान महाशक्ति राष्ट्र र दाताको इच्छा र स्वार्थअनुकूल होइन, नेपालको राष्ट्रिय हितअनुकूल सरकारी बजेटरी प्रणालीमा आवद्ध गर्न संरचनागत प्रणालीमा नै हेरफेर आवश्यक छ", प्रधानमन्त्रीले भन्नुभयो।

जलवायु न्यायस्वरुप नेपालले पाउने अनुदान सरकारको नियमन प्रणालीमा आवद्ध नभएको, सोझै सामाजिक संस्था तथा व्यक्तिको हातमा पुगेको र उनीहरूले आफ्नो स्वार्थअनुकूल खर्च गर्दा राष्ट्रिय हितमा परिचालन गर्न नसकिएको प्रधानमन्त्रीको भनाइ छ। आगामी दिनमा वित्त अनुदान आफू अनुकूल बाँड्ने र खर्च गर्ने वेथितिलाई रोकेर सिधैँ राज्यकोषमा प्राप्त हुने प्रबन्धका लागि पहल गरिने प्रधानमन्त्रीको कथन छ।

पर्वतीय राष्ट्रहरूको समस्याको पहिचान र सम्बोधनमा विश्वको ध्यानाकर्षण गर्ने ठोस् पहल आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले नेपालले उस्तै समस्या भएका पर्वतीय मुलुकको समस्यालाई रणनीतिक रूपमा उठान गरी सहकार्यको रणनीति बनाउन नेतृत्व गर्ने स्पष्ट पार्नुभयो। विश्वका प्रमुख कार्बन उत्सर्जनकर्तालाई तुरुन्तै उत्सर्जन घटाउन, विकसित राष्ट्रलाई जलवायु वित्त उपलब्ध गराउन स्मरण गराउने, वित्त अनुदानमा बढोत्तरी र क्षति एवं नोक्सानीको विषय सम्बोधन गर्न समान परिवेश भएका देशको सहकार्यको माध्यमबाट सशक्त दबाब सिर्जना गरिने प्रधानमन्त्रीको भनाइ छ।

सन् २०३० सम्म अनुकूलनका प्राथमिकता कार्यान्वयन गर्न नेपाललाई २१ विलियन अमेरिकी डलर आवश्यक पर्ने बताउँदै प्रधानमन्त्रीले स्थापित अनुकूलनसम्बन्धी कोषमा नेपालको सहज पहुँचका लागि तथ्यप्रस्क तरिकाले दावी प्रस्तुत गर्न आवश्यक रहेको बताउनुभयो। नेपाल जस्तै अतिकम विकसित देशले हरित जलवायु कोष र अन्य कोषहरूमा विशेष गरी आवेदन प्रक्रियाको सरलीकरण र क्षमता अवरोध हटाउन एवं जलवायु कोषमा प्रत्यक्ष पहुँच सुधार गर्न सशक्त रूपमा बहस-पैरवी गर्नुपर्ने प्रधानमन्त्रीको कथन छ।

प्रधानमन्त्रीले भन्नुभयो, "अन्तर्राष्ट्रिय जलवायु वित्तीय संयन्त्रबाट देशभित्र लाभ भित्र्याउनु एउटा चुनौती छ भने अर्कोतर्फ देशभित्र अएका जलवायु वित्तलाई प्रभावकारी परिचालन गरी प्रभावित क्षेत्र, समुदायमा पुऱ्याइ ठोस् कार्यक्रम र क्रियाकलापहरूमा लगानी गर्न ध्यान दिनुपर्दछ।"

वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को दोस्रो बैठकले जलवायु वित्त व्यवस्थापन र संस्थागत सुधारका लागि एक कार्यदल गठन गरी अध्ययन भइरहेको प्रधानमन्त्रीको भनाइ छ । कार्यदलको अध्ययन प्रतिवेदन प्राप्त भइसकेपछि यस दिशामा ठोस् नीतिसहित पहल लिन थप मद्दत मिल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

### अध्यक्षसहित ...

सरकारलाई निर्देशन दिन, ध्यानाकर्षण गराउन र रुलिङ गर्न सक्छ भन्ने अभ्यास पनि यसअघि नै भइसकेको छ। पूर्वविधायक बिंडारी भन्नहुन्छ, "प्रतिनिधिसभा अवरुद्ध हुनासाथ राष्ट्रियसभामा त्यसको झल्को देखिनुहुन्न, राजनीतिक दलको हस्तक्षेप हुनुहुन्न। राष्ट्रियसभाले निरन्तर रूपमा समसामयिक विषय र विधेयकमाथि काम गर्नुपर्छ, प्रतिनिधिसभामा भएका डाङडाङ डुङडुङ त्यहाँ हुनुभएन, छाया देखिनहुन्न।"

## विश्व समाचार

### गाजा युद्धविराम सम्झौता 'नजिक' : हमास

गाजापट्टी (प्यालेस्टिनी अधिनस्थ क्षेत्र), ५ मङ्सिर (रासस/एएफपी)।
हमास नेता इस्माइल हानियेहले इजराइलसँग युद्धविराम सम्झौताको सम्भावना रहेको मङ्गलबार बताउनुभएको छ। यसले अक्टोबर ७ को हमलामा बन्धक बनाइएका दर्जनौं व्यक्तिलाई हमासको लडाकू समूहले चाँडै रिहा गर्ने आशा जगाएको छ।

"हामी युद्धविराम सम्झौताको नजिक पुगेका छौँ", एएफपीलाई आफ्नो कार्यालयले पठाएको एक विज्ञप्तिमा हानियेहले भन्नुभयो। गाजामा युद्ध सुरु भएको धेरै सातादेखि वार्ताकारहरूले प्यालेस्टिनी लडाकूहरूले राखेका करिब दुई सय ४० बन्धकमध्ये केहीलाई मुक्त गर्नका लागि एउटा सम्झौतामा पुग्ने प्रयास गरेका छन्।

गत महिना हमासको कठोर हमलाका क्रममा बन्धक बनाइएका अधिकांश इजराइली छन्। तिनीहरूमा पनि केही बालबालिका र वृद्धवृद्धा छन्। बन्धक बनाइएकामध्ये केहीलाई मात्र रिहा गरिएको छ। केहीलाई इजराइली स्थल सैनिकले मुक्त गरेका छन् भने केहीको शव बरामद गरिएको छ।

बाँकीको सटीक ठेगाना थाहा छैन। यद्यपि हमासले गरेको सबैभन्दा घातक हमलाको जवाफमा इजराइलले लगातार बमबारी र स्थल कारबाही सुरु गरेको गाजामा बन्धकहरू रहेको मानिएको छ।

हमासले अक्टोबर ७ मा आफ्नो डरलाग्दो हमलाका क्रममा करिब एक हजार दुई सय मानिसलाई मारेको थियो। मारिनेमा अधिकांश सर्वसाधारण थिए। हमासका अनुसार इजराइली हमलामा गाजामा १३ हजार तीन सयभन्दा बढी मानिस मारिएका छन् र तिनीहरूमा हजारौं बालबालिका रहेका छन्।

स्नाम नछाप्ने शर्तमा एएफपीसँग कुरा गर्दै हमास र इस्लामिक जिहादको स्रोतले उनीहरूको आन्दोलन युद्धविराम सम्झौताको शर्तमा सहमत भएको बताएको छ। इस्लामिक जिहाद अर्को छुट्टै प्यालेस्टिनी लडाकू समूह हो जसले अक्टोबर ७ को हमलामा पनि भाग लिएको थियो।

अस्थायी सम्झौतामा पाँच दिने युद्धविराम समावेश छ। यसमा जमिनमा युद्धविराम र दक्षिणी गाजामा इजराइली हवाई सञ्चालनको सीमा समावेश छ। बदलामा प्यालिस्टिनी लडाकू समूहले पक्रिएका ५० देखि एक सय मानिसलाई रिहा गरिनेछ। तीमध्ये इजराइली र अन्य मुलुकका मानिसलाई रिहा गरिने भए पनि कुनै पनि सैन्यकर्मीलाई रिहा गरिने छैन।

प्रस्तावित सम्झौताअन्तर्गत महिला र बालबालिकासहित करिब तीन सय प्यालेस्टिनीलाई पनि इजराइली जेलहरूबाट रिहा गरिने छ।

सोमबार अमेरिकी राष्ट्रपति जो बाइडेनले बन्धकहरूलाई रिहा गर्ने सम्झौता नजिक पुगेको आफूलाई लागेको बताउनुभएको थियो। उहाँका अनुसार कतारको मध्यस्थतामा वार्ताको आशा बढेको छ। कतारमा हमासको एउटा राजनीतिक कार्यालय छ भने इजराइलको पनि कतारसँग पर्दापछाडि कूटनीतिक सम्बन्ध छ।

त्यस्तै रेडक्रसको अन्तर्राष्ट्रिय समितिले सोमबार आफ्ना अध्यक्षले इजराइल र गाजामा सशस्त्र सङ्घर्षसँग सम्बन्धित मानवीय मुद्दाहरूलाई अगाडि बढाउनका लागि हमासका नेता हानियेहसँग भेट्न कतारको भ्रमण गरेको बताएको छ।

### अजरबैजानद्वारा भ्रष्टाचारविरोधी पत्रकार पक्राउ

बाकु, ५ मङ्सिर (रासस/एएफपी)।
अजरबैजानले मङ्गलबार राजनीतिक अभिजात वर्गमा भ्रष्टाचारको अनुसन्धान गर्ने दुई पत्रकारलाई हिरासतमा लिएको उनीहरूका वकिलहरूले बताएका छन्। कडा नियन्त्रण भएको क्यास्पियन मुलुक अजरबैजानमा मिडियालाई लक्षित गर्ने नयाँ कानूनी मुद्दामा उनीहरूलाई हिरासतमा लिइएको हो।

ऊर्जा समृद्ध यो मुलुकमा लामो समयसम्म अलियेभ वंशले शासन गरेको छ। असहमतिका सङ्केतहरूले सामान्यतया अजरबैजानमा कडा सरकारी प्रतिक्रियाको सामना गर्नुपर्दछ। "प्रहरीले मङ्गलबार अब्जास मिडियाका प्रधानसम्पादक सेभिन्ज भागिफ्जीलाई युरोपबाट बाकु फर्कदा हिरासतामा लिएको छ र उहाँको घरको खानतलासी गरेको छ", उहाँका वकिल एल्चिन सादिगोभले भन्नुभयो।

सोमबार मिडिया आउटलेटका निर्देशक उल्भी हसनलीलाई विदेशी मुद्रा तस्करी गरेको आरोपमा पक्राउ गरिएको उहाँका वकिल जिबेदा सादिगोभाले बताउनुभयो। "हसनलीले स्वयंलाई दोषी मान्नुभएको छैन र आरोपहरू निराधार रहेको बताउनुभएको छ", सादिगोभाले भन्नुभयो, "हसनलीलाई १२ वर्षसम्मको जेल सजायको खतरा छ।"

हिरासतमा हसनलीसँग 'अमानवीय व्यवहार' गरिएको अब्जास मिडियाले बताएको छ। हसनलीलाई हिरासतमा कुटपिट वा दुर्व्यवहार गरेको रिपोर्टबाट 'चिन्तित' भएको अधिकार समूह एमनेस्टी इन्टरनेसनलले एक विज्ञप्तिमा भनेको छ।

एमनेस्टी इन्टरनेसनलको दक्षिण ककेसस अनुसन्धानकर्ता नतालिया नोजाड्जेले भन्नुभयो, "उहाँको गिरफ्तारी अधिकारीहरूले उनीहरूको असहमतिलाई दबाउनका लागि गिरफ्तार गरिएका आलोचकहरूको ढाँचासँगमेल खान्छ", एमनेस्टी इन्टरनेसनलको दक्षिण ककेसस अनुसन्धानकर्ता नतालिया नोजाड्जेले भन्नुभयो, "हसनलीले अजरबैजानमा उच्चस्तरीय भ्रष्टाचारका आरोपहरू दृढताका साथ पर्दाफास गर्नुभएको छ र सार्वजनिक हितका महत्त्वपूर्ण मुद्दाहरूलाई समेट्नुभएको छ, उहाँले विगतमा पनि सरकारबाट बारम्बार उत्पीडनको सामना गर्नुपरेको छ।"

जुलाईमा अजरबैजानले उच्च प्रोफाइल राजनीतिक अर्थशास्त्री तथा नागरिक कार्यकर्ता गुबाड इबाडोग्लुलाई विभिन्न वित्तीय अपराधको आरोपमा पक्राउ गरेको थियो। इबाडोग्लुले ती आरोपलाई झुटो भन्दै अस्वीकार गर्नुभएको छ। अजरबैजानमा उच्चस्तरीय भ्रष्टाचार उजागर गरेको प्रतिशोधमा आफूमाथि आरोप लगाइएको उहाँले बताउनुभयो।

राष्ट्रपति इल्हाम अलियेभको सरकारले मुलुकको खराब प्रजातान्त्रिक रेकर्डका लागि लामो समयदेखि अन्तर्राष्ट्रिय आलोचनाको सामना गर्नुपरेको छ। अलियेभले आफ्ना बुबा हेदरपछि सन् २००३ देखि मुलुकमा कठोर शासन सञ्चालन गर्दै आउनुभएको छ।

# पत्रकार झाप्रति श्रद्धाञ्जली




**दैनिक समाचारदाता राजविराज, ५ मंसिर ।**

नेपाल पत्रकार महासंघ सप्तरीले मंगलबार श्रद्धाञ्जली सभाको आयोजना गरेको छ । महासंघका पूर्वकोषाध्यक्ष शुभचन्द्र झाको निधन भएको सातौं दिनमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको हो ।

महासंघका सभापति श्रवणकुमार देवको अध्यक्षतामा आयोजित सभामा, केन्द्रिय सदस्य ललिता साह, पूर्वअध्यक्षहरु विष्णु मण्डल, बैद्यनाथ झा, मुरलीप्रसाद यादव, धिरेन्द्रप्रसाद साह, जितेन्द्र खड्गा, पूर्व केन्द्रिय सदस्य अवधेश झा, प्रेस युनियनका अध्यक्ष बिनयलाल कर्ण, प्रेस मञ्चका अध्यक्ष भुषण सिंह, प्रेस सेन्टरका अध्यक्ष दिनानाथ यादव, आम संचार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव लगायतका वक्ताहरुले स्व. झाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारप्रति सम्वेदना प्रकट गरेका छन् ।

विगत केही दिनयता पिसाब सम्बन्धि रोगले पीडित ५५ वर्षिय पत्रकार झाको उपचारको क्रममा कात्तिक २९ गते बुधबार साँझ निधन भएको थियो ।

## जिल्ला स्तरीय ए डिभिजन क्रिकेट प्रतियोगिताबारे सुचना

मिति : २०८०।०८।०५ गते ।

सप्तरी क्रिकेट संघको आयोजनामा सप्तरी जिल्ला स्तरीय ए डिभिजन क्रिकेट प्रतियोगिता आयोजना हुने भएकोले सप्तरी जिल्ला भित्र रहेका क्लब वा टिमले यो सुचना प्रकाशित मितिले ७ दिन भित्र आफनो टिमको नाम दर्ता गर्न हुन यसै सुचनाद्धारा जानकारी गराईन्छ । प्रतियोगिताको नियम तथा शर्तहरु निम्नानुसार हुनेछ ।

**नियम तथा शर्तहरु :**

१. प्रतियोगितामा यस संघमा आवद्ध रहेको क्लबहरु अनिवार्य रुपमा प्रतियोगितामा सहभागि हुनु पर्नेछ । प्रतियोगिता सहभागिता शुल्क रु. ५०००।०० मात्र राखिएको छ ।

२. नयां दर्ता हुने टिमहरु २ भन्दा बढि भएमा क्वालिफायर खेली टप २ मा हुने टोलीले ए डिभिजन प्रतियोगिताको लागि छनौट हुनेछ भने बाकि टोलि अर्को बर्ष हुने बि डिभिजनका लागि सहभागिता जनाउन सक्नेछ ।

३. यस बर्ष टप ६ मा हुने टोलि अर्को बर्ष हुने ए डिभिजनका लागि सोझै प्रवेश पाउने छ भने बाकि टोलि रैलिगेशनमा परि अर्को बर्ष बि डिभिजन खेली टप २ मा परेमात्र ए डिभिजनका लागि छनौट हुनेछ ।

४. खेल कलर जर्सिमा ४० ओभरको हुनेछ । जर्सि तथा आवश्यक सामाग्रिको व्यवस्था टिमहरुले आफै गर्नु पर्नेछ ।

५. प्रतियोगिता पुरुष र महिला दुवै हुने भएकोले टिम दर्ता गर्दा महिलारपुरुष स्पष्ट लेखि खेलाडि नामावली सहित पेश गर्नु पर्नेछ ।

६. प्रतियोगितामा सप्तरी जिल्लाका खेलाडि बाहेकले खेल्न पाउने छैन ।

७. थप जानकारीको लागि सम्पर्क नम्बर : ९८०५९८१३८४ (निरज सिंह), ९८०१५७७९१८ (चन्दन यादव), ९८६११५५७७३ (शम्भु दास)

प्रार्थी :
सप्तरी क्रिकेट संघ
राजबिराज सप्तरी

# इज्तिमा स्थगित भएको भन्दै सहभागि नहुन प्रशासन कार्यालयको अनुरोध

**दैनिक समाचारदाता राजविराज, ५ मंसिर ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले सुनसरीको खनार र दुहबीमा हुने भनिएको मुश्लिम धर्मावलम्बीहरुको इज्तिमा स्थगित भएको भन्दै सो कार्यक्रममा सहभागि नहुन अनुरोध गरेको छ ।

प्रमुख जिल्ला अधिकारी किरण थापाद्वारा मंगलबार जारि विज्ञप्तिमा सुनसरीको खनार र दुहबीमा मंसिर ५ देखी ९ गतेसम्म हुने भनिएको मुश्लिम धर्मावलम्बीहरुको इज्तिमा मुस्लिम धर्मावलम्बी, धर्मगुरु, अगुवा तथा सरोकारवालाहरुमा सहभागि नहुन अनुरोध गरिएको हो ।

जारि विज्ञप्तिमा विभिन्न राजनीतिक दलहरुले केन्द्र र जिल्लामा आफ्नो संगठनको शक्ति प्रदर्शनको रुपमा आयोजना हुने सभा, जुलुस, धर्ना, घेराउ जस्ता आन्दोलन र बिरोधका कार्यक्रमप्रति सचेत रही नागरिक समाज, राजनीतिक दल र सरोकारवाला पक्षहरुलाई कानुन विपरीत कार्यमा सहभागि नहुन अनुरोध समेत गरिएको छ ।

# वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि आवेदन आह्वान

काठमाडौँ, ५ मङ्सिर (रासस) ।

वैदेशिक रोजगार बोर्डको सचिवालयले वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि आवेदन आह्वान गरेको छ ।

श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई करार अवधिभित्र मृत्यु भएका वा पूर्णरूपमा अशक्त वा गम्भीर बिरामी भएका कामदारको छोराछोरीका लागि छात्रवृत्ति प्रदान गर्न बोर्डले आवेदन आह्वान गरेको बोर्डका सूचना अधिकारी तथा निर्देशक टीकाराम ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसूची १ बमोजिम आगामी पुस ८ गतेभित्र निवेदन दिन आह्वान गरिएको हो ।

सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यालयस्तर (पूर्व प्राथमिक कक्षा वा नर्सरी वा सो सरहदेखि कक्षा १२ सम्म) का १८ वर्षमुनिका बालबालिकाले निवेदन दिन पाउने बोर्डको सचिवालयद्वारा प्रकाशित सूचनामा उल्लेख छ । श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु वा अङ्गभङ्ग वा बिरामी भई वैदेशिक रोजगार बोर्डबाट शत्प्रतिशत आर्थिक सहायता लिएका कामदारका छोराछोरीले निवेदन दिन पाउने सूचना अधिकारी तथा निर्देशक ढकालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "वार्षिक रूपमा आधारभूत तहका लागि रु १२ हजार र माध्यमिक तहका लागि रु १६ हजार छात्रवृत्ति पाइनेछ । एकजना विद्यार्थीलाई एउटा कक्षामा एक पटकका लागि मात्रै वार्षिक रूपमा एकमुष्ट छात्रवृत्ति उपलब्ध गराइने छ ।"

# माछा पार्ने क्रममा करेन्ट लागेर दम्पतीको मृत्यु

कास्की, ५ मङ्सिर (रासस) ।

पोखरामा माछा मार्ने क्रममा करेन्ट लागेर श्रीमान र श्रीमतीको मृत्यु भएको छ ।

पोखरा महानगरपालिका-२९ पटनेरीस्थित खेतमा पानी लैजाने कुलोमा माछा मार्नका लागि करेन्ट लगाउने क्रममा सोमबार साँझ मुस्ताङ जोमसोम घर भई हाल पटनेरीमा डेरा गरी बस्ने वर्ष ४६ का भीमलाल सुनार र उहाँकी श्रीमती ४६ वर्षीया सवित्री सुनारको मृत्यु भएको प्रहरीले जनाएको छ । सुनार दम्पतीलाई करेन्ट लागेर घाइते भएको सूचनापछि इलाका प्रहरी कार्यालय शिशुवाबाट प्रहरी घटनास्थलमा पुगेको थियो ।

प्रहरीले घटनास्थलबाट दुवै जनालाई उद्धार गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पुर्याइएकामा उपचारका क्रममा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*